हरिपुर नगरपालिका
१ नं वडा कार्यालय
हरिपुर, सर्लाही मधेश प्रदेश नेपाल
Haripur Municipality
1 No. ward office
Haripur, Sarlahi Madhesh Province Nepal.


पत्र संख्या:२०८२/०८३
चलानी नं.

मिति:२०८३/०२/०१

# सूचना! सूचना!! सूचना!!!

## विषय:उपभोक्ता समिति गठन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मलंगवा सर्लाहीको लिखित पत्र मिति:२०८३/०१/२५ गते चलानी नं ३३९ को आ.व २०८२/०८३ को उक्त सिँचाइ विकास डिभिजन कार्यालयको कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजनाको लागि उपभोक्ता समिति गठन गरि पठाइदिने सम्बन्धी प्राप्त पत्रानुसार देहाय बमोजिमको मिति, समय र स्थानमा उपभोक्ता समिति गठनको लागि यो सुचना प्रकाशन गरिएको व्यहोरा सम्पूर्ण सरोकारबाला हरुलाइ यसै सूचना मर्फत जानकारी गराइएको व्यहोरा अनुरोध छ।

**योजनाको नाम: लखन्देही नदी नियन्त्रण कार्य।**

उपभोक्ता समिति गठन कार्यतालिका

मिति: २०८३/०२/०८ गते शुक्रवार

समय: दिउसोको २ बजे।

स्थान: साविक जानकीनगर गा.वि.स -१ बिच टोलको चौतारा।

बोद्धार्थ

हरिपुर नगरपालिकाको कार्यालय -सूचना प्रकाशन गरिदिनु हुन ।

२०८३/०२/०१

राजन कुमार पाँचे मगर
वडा सचिव

मधेश प्रदेश सरकार
ऊर्जा,सिंचाई तथा खानेपानी मन्त्रालय
# जलश्रोत तथा सिंचाइ विकास डिबिजन
मलंगवा,सर्लाही
फोन नं-०४६ .५२०१५६
फ्याक्स नं-०४६.५२०४१४

६न - १०५४
२०८२/०१/२९

प.सं.०८२।०८३ च.नं. ३२९

मितिः२०८३/०१/२५

विषयः उपभोक्ता समिति गठन गरी पठाई दिने बारे ।

श्री वडा अध्यक्ष ज्यू ,
हरिपुर न.पा. ,१ नं. वडा कार्यालय,सर्लाही।

उपरोक्त सम्बन्धमा यस डिबिजन कार्यालयको चालु आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अनुसार देहायको योजनामा निर्माण कार्यको लागि बजेट विनियोजन रहेकोमा सो कार्य उपभोक्ता समिति मार्फत गराउनु पर्ने भएकोले प्रभावित क्षेत्रका स्थानियहरुलाई कम्तीमा ७ (सात) दिने सूचना मार्फत भेला हुने समय, मिति र स्थानको सार्वजनिक रुपमा जानकारी गराई प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेला गरी गराई उपभोक्ता समिति गठन गरी पठाई दिनु हुन अनुरोध छ।

पुनश्चः उपभोक्ता गठन गर्दा गरिने निर्णय तथा विधान यसै पत्रसाथ पठाइएको छ ।

योजनाको नामः- लखनदेही नदी नियन्त्रण कार्य

उपभोक्ता समिति गठनका शर्तहरुः

१. आयोजना बाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थल वा सार्वजनिक स्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ।
२. समितिमा कम्तीमा ३३(तेत्तीस) प्रतिशत महिला सदस्य हुनु पर्नेछ साथै खाता संचालन गर्दा दुई जना मध्ये एक जना महिला पदाधिकारी अनिवार्य हुनुपर्नेछ।
३. एक व्यक्ती एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन।

उपभोक्ता समिति सदस्यको योग्यताः

क. सम्बन्धित आयोजना क्षेत्रका प्रत्यक्ष लाभान्वित उपभोक्ता हुनु पर्नेछ।
ख. १८ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।
ग. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनु पर्नेछ।
घ. अन्य उपभोक्ता समितिको सदस्य नरहेको हुनु पर्नेछ।
ङ. नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकारको कर्मचारी वा शिक्षक नरहेको तथा कुनै पनि राजनितिक दलको सक्रिय सदस्य नरहेको हुनुपर्नेछ।

.........................................
(डिबिजन प्रमुख)

बोधार्थः-
श्री संस्थागत विकास शाखा,जलस्रोत तथा सिंचाइ विकास डिबिजन ,मलंगवा,सर्लाहीः-उपभोक्ता समिति गठनको प्रकृया सँग सम्बन्धित सहजिकरण गर्नु हुन।